नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालले गरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-५५६ दायर मितिः-२०८१।०२।०८**

**फैसला मितिः-२०८१/०२/३१**

| **वादी** | **प्रतिवादी** |
|---|---|
| **फुलपती देवीको जाहेरीले** | **जिल्ला पर्सा बीरगंज म.न.पा.वडा नं.३१ बस्ने कोलाई** |
| **नेपाल सरकार..........................१** | **महतोको छोरा बर्ष ३० को राम सुरत महतो..........१** |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीले जाहेरवालीलाई हातपात गरी अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त।
२. प्रतिवादीले जाहेरवालीलाई हातपात गरी अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।
३. मैले जाहेरवालीलाई हातपात गरी अभद्र व्यवहार गरेकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।
४. जाहेरवालीलाई हातपात गरी अभद्र व्यवहार गरेकोले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका रामनारायण प्रसाद यादव समेतको घटनाविवरण कागज।
५. प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको आशिंक ईन्कारी बयान ।
६. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।
७. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

**ठहर-खण्ड**

यसमा मिति २०८१।०१।२३ गते अ.१८:०० बजेको समयमा जिल्ला पर्सा बीरगंज म.न.पा.वडा नं.३१ स्थित सडकमा प्रतिवादी राम सुरत महतोले गाली गलौज तथा लछारपछार गर्दै मेरो छोरीले बोकेको कोदालो खोसी सोही कोदालो समेतले कुटपिट गरी अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको आशिंक साबिती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी राम सुरत महतोलाई कैद दिन १६ र जरिवाना रु.२०००/- अक्षरेपी दुई हजार मात्र गर्ने ठहर्छ । अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**तपसिल खण्ड**

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी राम सुरत महतोलाई ठहरेको कैद दिन १६ को हकमा निज मिति २०८१/०१/२३ देखि २०८१/०२/०७ सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवानाको हकमा र.नं.५५३/२०८१/०२/०८ बाट दाखिला गरेको धरौटी रकम रु.२०००/- बाट जरिवाना रकम रु.२०००/- कट्टी गर्नु --------------------------------------------१
२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याददिनु-१
३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु-----------------------------------------------------------१
४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------------१

दिनेश सागर भुसाल
प्रमुख जिल्ला अधिकारी

ईति सम्बत् २०८१ जेष्ठ महिना ३१ गते विहीवार रोज ५/ ने.सं. ११४४ तछलाथ्व ससमी, शुभम् ........